**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०३ अगस्त २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले भारत अतिरिक्त खाद्यान्न उत्पादन गर्ने देश भएको अनि वैश्विक खाद्य सुरक्षा तथा वैश्विक पोषण सुरक्षा कार्यहरुमा सेवा पुराइरहेको बताउनु भएको छ।

२. पश्चीम बङ्गालमा यसै महिनाको आगामी १६ तारिख राज्यमा खेला होबे दिवस मनाइन्दै छद्य

३. लगातार वर्षा अनि हुरी बतासले दार्जिलिंग पहाडी क्षेत्रका धेरै ठाउँमा जनजीवन प्रभावित भएको छद्य

४. दार्जिलिङका सांसद राजु विष्टले पश्चिम बंगाल सरकारले बागडोग्रा एयरपोर्टमा एयर टर्बाइन इन्धन (एटीएफ) मा १२ दसमलव ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने निर्णयको आलोचना गर्नु भएको छ।

५. मनसुनमा पर्ने विक्रम संवतको श्रावन महिनाको चन्द्रमा १४ औ दिन काठमाडौँ उपत्यकामा घटेमंगल उत्सव पालन गरिएको छद्य

**प्रधानमन्त्री कृषि**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नु भएको छए भारत अतिरिक्त खाद्यान्न उत्पादन गर्ने देश हो अनि वैश्विक खाद्य सुरक्षा अनि वैश्विक पोषण सुरक्षा कार्यहरुमा सेवा पुराइरहेको छ। श्री मोदीले भन्नु भयो कि सरकारले सुधारहरुको साथमा कृषि क्षेत्रलाई सुद्रिड बनाइ रहेको छ जसको उद्देश्य किसानहरुको जीवनमा सुधार ल्याउनु हो। आज नया दिल्लीमा ३२ औ अंतर्राष्ट्रीय कृषि अर्थशास्त्री सम्मेलनलाई संबोधन गर्नु हुदै श्री मोदीले भन्नु भयो कि कृषि, सरकारको आर्थिक नीतिको केन्द्र बिन्दु हो । उहाले अझै भन्नु भयो भारत मोटो अनाजए दूध, दाल अनि मसालको सबै भन्दा ठुलो उत्पादक देश हो।

प्रधानमंत्री मोदीले भन्नु भयो भारतले रसायन मुक्त प्राकृतिक खेतीलाई बढावा दिदै आइरहेको छ। उहाले २०२४.२५ को केन्द्रीय बजटमा कृषि माथि विशेष ध्यान दिएको बताउनु भयो। सरकारले पछिल्लो दस वर्षमा एक हजार नौ सय नया किसीमको जलवायु अनुकूल फसल उपलब्ध गराइएको पनि श्री मोदीले बताउनु भयो। उहाले अझै भन्नु भयो देशको कृषि क्षेत्रमा डिजीटल प्रौद्योगिकीको उपयोग भइरहेको छ अनि प्रधानमंत्री किसान सम्मान निधि योजना मार्फत दस करोड किसानहरुको बैंक खातामा एक क्लिकले पैसा पुगी रहेको छ।

****** ० ******

## Khela Hobe Day

यसै महिनाको आगामी १६ तारिख राज्यमा श्खेला होबे दिवसश मनाइनेछ। यसको लागि राज्य सरकारले हरेक अनुमोदित क्लबलाई अनुदानस्वरूप १५ हजार रुपियाँ प्रदान गर्नेछ। राज्यका ११६ वटा नगरपालिकाए ६ वटा नगरनिगमए ३४५ वटा ब्लक तथा कोलकाता नगरनिगमका १४४ वटा वार्डए जिल्ला मुख्यालयए जीटीएए अनुमोदित क्लबए आईएफए तथा अन्य क्लबहरूलाई त्यस दिन खेला 'होबे दिवस' मनाउने आग्रह गरिएको छ। श्खेला होबे दिवसश आयोजन गर्नुको उद्देश्य राज्यमा खेलकूदलाई प्रोत्साहित गर्नु हो।यस आयोजनको लागि सचिवालयले जिल्लाधिकारीहरूलाई पत्र पठाएर छात्र-युवा तथा आम जनतालाई खेलकूदको यस कार्यक्रममा सामेल गराउनको लागि सबै आवश्यक व्यवस्था गर्ने निर्दश दिएको छ। यसको लागि प्रत्येक जिल्लामा एक अतिरिक्त जिल्लाधिकारीए जिल्ला युवा अधिकारी तथा सम्बन्धित अधिकारीहरूको एउटा समिति बनाएर

योजना बनाउने निर्देश दिइएको छ। सबै क्लबहरूले त्यसै दिन फुटबल सहित अन्य विभिन्न प्रकारका खेलहरूको आयोजन गर्न सक्नेछन्।खेला होबे दिवसः समारोहमा विधायकए जिल्ला परिषद अध्यक्षए पंचायत समितिका अध्यक्षए एसडीओए बीडीओए थाना प्रभारीए स्थानीय खेल आयोजक तथा क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूलाई आमन्त्रण गर्न भनिएको छ। खेल विभागले यसको लागि एउटा दिशानिर्देश तयार गरेको छ।ज्ञात रहोस् एबंगालमा श्खेला होबेश राज्यको सत्तारूढ पार्टी तृणमूल कंग्रेसले राजनीतिक नाराको रूपमा आफ्नो प्रत्येक कार्यक्रममा बुलन्द बनाउँदै आइरहेको छ। राजनीतिक विश्लेषकहरूको मान्यता यो छए तृणमूलले आफ्नो राजनीतिक स्लोगनलाई सरकारी कार्यक्रमसित जोड़ेर यसको राजनीतिक लाभ उठाउन चाहन्छ।

****** ० ******

## sambit-patra-reached-sikkim

लोकसभा सांसद एवं भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय प्रवक्ता सम्बित पात्रा दुई दिवसीय भ्रमणमा आज सिक्किम आइपुग्नु भएको छ । रम्फू पर्यटन सुविधा केन्द्रमा सांसद पात्रालाई रम्फूका एसडीएम थेन्डुप लेप्चाए एसडीपीओ महेन्द्र सुब्बा लगायत पर्यटन विभागका अधिकारीहरू र स्थानीय मानिसहरूले स्वागत जनाए।सांसद पात्राले आज (शनिवार) सॉझ राजधानीमा आयोजन हुन गइ रहेको एक सम्मेलनलाई सम्बोधित गर्नु हुनेछ। आफ्नो सम्बोधनमा डा. पात्राले विशेष रूपमा केन्द्रिय बजेट २०२४.२५ माथि प्रकाश पार्नु हुनेछ। यस अतिरिक्तए प्रदेश भाजपाका पदाधिकारीहरूसँग भेट गरेर सांगठनिक विषयहरूको समीक्षा पनि गर्नु हुनेछ।

****** ० ******

## विध्युत विभाग

पश्चिम बंगाल राज्य विध्ययुत वितरण कम्पनी निगमले आउँदो पूजालाई ध्यानमा राखेर विध्यचुत लाईन मरम्मती काम क्रमशः गर्ने भएको छ। विभागमा खरसांग महिकुमा डिविजनल अभियन्ताद्वारा जारी एक नोटिसामाविध्युत लाईन मरम्मती कार्य अवधि ११ के.भी. र ३३ के.भी फिडर लाईनहरू पालै पालो गर्दै, इलाका सरह बन्द ग राखिने छ। खरसांग र मिरिक महकुमा अर्न्तगत लाईनहरूलाई वर्ष नै यसै अवधिमा मरम्मती गरिनेछ जसद्वारा दशै र तिहारको बेला विध्युत आपूर्ति निर्वाध रूपमा जारी ारहोस तथा आम मानिसहरूलाई कुनै असुविधा नहोस । यो मरम्तती काम्रको अवययकता अनुरूप विध्युत आपूर्ति केही समयका लागि वाधित रहनेछ। मरम्मती कार्य अगस्त देखि शुरू गरिनेछ तथा कार्य ३ अगस्त देखि शुरू गरिनेछ तथा ३३ के.भी लाईनको मरम्मती कार्य ३१ अगस्त सम्म अनि ११ के.भी स्टेशन लाईन मरम्मती कार्य २२ सितम्बर सम्म चल्ने छ। यो विध्यूत आपूर्ति बिहान १० बजे देखि अपरान्ह ३ बजे सम्मा लागि वाधित रहनेछ। ०३ अगस्तको दिन खरसांगको मन्टिभियट, सन्त अल्फन्स स्कूल खरसांग टुरिष्ट लज , डाउहिल , फरेष्ट डिएफओ कार्यालय र अलिटा रिर्सोट इलाकामा विध्युत आपूर्त वाधित रहने छ। यसै क्रममा भोलि ४ अगस्तको दिन एस.डी.ओ खरसाङ पुलिस स्टेशन, क्यासल्टन फ्याक्ट्री, खरसाड जेल, बी.डी.ओ अफिस, खरसाड कोर्ट, खरसाड भेटेनरी, हस्पिटल, आकाशवाणी क्वार्टर क्मप्लेक्स इलाकामा विद्युत आपूर्ति बाधित रहनेछ।

****** ० ******

## कविता मसुन समारोह

आज मङपू सरस्वती विधालय भवनमा ए.के गुरुङको अध्यक्षतामा सर्वनाम समुहको आयोजनामा "कविता मसुन" समारोह सप्पन्न भएको छ।समारोहका प्रमुख अतिथि डा.हर्कबहादुर छेत्री उपस्थिति रहेको थियो। संस्थाका सदस्य प्रमीला मुखियाले संचालन गरेको कार्यक्रममा स्वागत सम्भाषाण पुष्कर सिङगर गरे।यसरी मङपूका गायिका गरिमा गुरुङले आफ्नो सुन्दर गीत प्रस्तुत गरेकि थिईन। आजको बिशेष कार्यक्रम "कविता मनसुन" मा सुभद्र बम्जनए सन्ध्या आचार्यए रन्जीत देवनए बिराम चाम्लिङए शरण गुरुङ अनि मुनाल घिसिङ मिठा-मिठाए कविता वाचन गरेर सबैलाई मन्त मुग्ध पारे।

लाटपन्चर कुलैनबारीका स्रष्टा साहित्यकार डीकु मुखियालाई सर्वनाम समुहको पक्षबाट स्मृति चिन्ह प्रदान गरेर सम्मान जनाईएको छ।

****** ० ******

**राष्ट्रिय राजमार्ग**

राष्ट्रिय राजमार्ग १० अनि लाभा मार्गको निम्ति कालेबुङ जिल्लापालद्वारा थप कतिपय प्रतिबन्ध लगाइएको छ। राष्ट्रिय राजमार्गको अवस्था बारे जानकारी गराउँदै उहाँले राष्ट्रिय राजमार्ग १० मा कतिपय ठाउँहरूमा मर्मति भईरहेको हुनाले उक्त मार्गमा सानो ठूलो सबै यात्री सवारी साधनको आवतजावतमा प्रतिबन्ध लगाइएको छ। केवल आपतकालिन एम्बुलेन्सए निजी वाहन मात्र आवतजावत गर्न सक्ने तर अन्यलाई भने प्रतिबन्ध रहेको छ। यसरी नै लाभा मार्गमा पनि केवल ६ टनसम्मका गाडीहरु मात्र हिड्न पाउनेए यस भन्दा बढि ओजन भएका गाडी हिड्न नपाउने पनि बताउनु भएको छ।

****** ० ******

**राजु विष्ट**

दार्जिलिङका सांसद राजु विष्टले पश्चिम बंगाल सरकारले बागडोग्रा एयरपोर्टमा एयर टर्बाइन इन्धन (एटीएफ) मा १२ दसमलव ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने हालै गरेको निर्णयको आलोचना गर्नु भएको छ। श्री विष्टले यो निर्णयले कोभिड–१९ को महामारीको बेला खस्किँदै गएको पर्यटन उद्योगको पुनरुत्थानमा ठूलो खतरा भएको बताउनु भएको छ। बागडोग्रा, उत्तर बंगालको एकमात्र परिचालन एयरपोर्ट होए यसले दैनिक ८००० भन्दा बेसी यात्रीहरूलाई सेवा दिन्छ| गत वर्षमा १० लाख भन्दा बेसी यात्रीहरूको आगमन रेकर्ड गरिएको थियो। श्री बिष्टले यो भ्याट लगाउनु भनेको अर्थतन्त्रमा पर्यटनको महत्वपूर्ण भूमिकालाई बेवास्ता गर्ने अदूरदर्शी कदम भएको बताउनु भयो। श्री विष्टले बङ्गाल सरकारलाई पर्यटन क्षेत्रमा बोझ थोप्नुभन्दा पर्यटन क्षेत्रको वृद्धि अनि पुनरुत्थानलाई प्राथमिकता दिन आग्रह गर्नु भएको छ।

****** ० ******

**जमिन बचाउ**

गोर्खा जमिन बचाउ समितिको कालेबुङमा विभिन्न सङ्घ-संस्थासित सभा बसेको थियो। पन्बुको प्रदिप भुजेलको घरलाई जिल्ला प्रशासनले अवैध बताउँदै तोडेपश्चात शुरु भएको विवादलाई लिएर नै उक्त बैठक डाकिएको थियो| प्रदिप भुजेल अनि उनको परिवार पनि सभामा उपस्थित रहेका थिए। वर्तमान समयमा जीटीए चुप लागेर बसेको र फेसबुकमा बाहेक आधिकारिक रुपमा जीटीएले कुनै पहल नगरेको पनि गोर्खा जमिन बचाउ समितिका नरेन्द्र तामङले आरोप लगाउनु भएको छ।

****** ० ******

**दार्जीलिङ नगरपालिका - रुख ढल्दा**

दार्जीलिङ नगरपालिका वार्ड नम्बर ३२ अन्तर्गत लेबुङमा वर्षा अनि हुरी वतासको कारण रुख ढल्दा किपा शेर्पाको घर क्षतिग्रस्त भएको छ। उक्त घटना हिज राति दश बजे भएको हो द्य घटनामा कुनै हताहत भएको छैन । घटनाको जानकारी प्राप्त हुन साथै लेबुङ-बदमताम समष्टिका सभासद योगेन्द्र प्रधानले घटनाको स्थलगत भ्रमण गरि जीटीएबाट हुनसक्ने सबै सहयोग गर्ने पीडीत परिवारलाई आश्वासन दिएका छन्| अर्कोतिर दार्जीलिङ नगरपालिकाले ढलेको उक्त रुखलाई काटेर हटाउने कार्य गरेको जानकारी पाइएको प्राप्त भएको छ द्य

****** ० ******

**नेपाल – घटेमंगल उत्सव**

मनसुनमा पर्ने विक्रम संवत्को श्रावण महिनाको अस्ताउदो चन्द्रमाको १४ औं दिन काठमाडौं उपत्यकाका हरेक चोकमा नरकट घाँस, बाँस र नीमको पातबाट राक्षसी पुतला बनाउने काममा लागेका मानिसहरु देख्न सकिन्छ । प्रत्येक नेवारी घरपरिवारका सदस्यले घटेमङ्गलमा आफ्नो औंलामा फलामको औँठी लगाउँछन् र घरको प्रवेशद्वारमा तीन पिनको फलामको कीला लगाउँछन्|

यसले यो सुनिश्चित गर्दछ कि दुष्ट आत्माहरूले फलामको धातुसँग डराउँछन् तथा दुष्ट आत्माहरूले तिनीहरूलाई हानि पुर्याउन सक्तैनन्। विभिन्न समुदायका मानिसहरु भेला भएर घनकर्ण नामको राक्षसको परालको पुत्ला जलाउँछन् । मानिसहरू कठपुतलीमा अनुहार थप्छन्। राक्षसलाई चौरस्तामा राखिन्छ र सूर्यास्त पछि जलाइन्छ। पुत्ला जलाउनु समाजमा राक्षसी उपस्थितिको दहनको प्रतीक हो।

बाइट- नेवारी मानिस घटेमंगल (नेपालीमा) मनाउँदैझ

साँझमा, दुष्ट आत्माहरूले भूतसरह लुगा लगाउँछन् र आफ्ना शरीर रंग्छन्। आगोको पुल्टो बोक्ने सज्जन व्यक्तिले यस्ता दुष्ट आत्मामाथि पुल्टो फ्याक्छ र सो दुष्ट आत्माले खाना र दयाको भिख माग्दै मानव उपनिवेशको वरिपरि जान्छए पछिए सो दुष्ट आत्माले दानवको पुतलाको नजिक पुग्छ र तीन पटक घेरा हाल्छ। त्यसपछि पुतलालाई लेनबाट नजिकको खोला वा नदीमा घिसार्दै लगिन्छ। र त्यहाँ पुत्लालाई जलाइन्छ। यो एक पुरुष प्रधान परम्परा हो जहाँ सबै अनुष्ठान पुरुषहरु द्वारा गरिन्छ।घटेमङ्गल संसारका केही भागहरूमा मनाइने ह्यालोवीन जस्तै पर्व हो। दुष्ट आत्माहरूको अस्तित्व पहिचान गरी तिनीहरूलाई पन्साउने अनुष्ठान गरिन्छ।

****** ० ******

## दार्जिलिङ पुलबजार

दार्जिलिङ पुलबजार खण्डको मुख्यालय बिजनबारी बजारलाई ग्रामीण भेगसग जोडने मुलसडकको आवस्था अहिलेघरी अत्यन्तै सोचनीय बनेको छ भने उक्त बाटोको दुर्दशाले रंगीतपारीका दशवटा ग्रामका दर्जनौ गाउँवासीहरु प्रत्यक्ष रूपमा समस्यामा परेका छन। मुख्य रूपमा कैजलेलाई बिजनबारीसम्म जोड्ने लगभग आठ किलोमिटर बाटोमा आधाभन्दा बेसी हिस्सा भत्किएको छ| वाहन चालकहरु अनुसार यस सडकमा परेको ठुला ठुला खाल्डोको कारण वाहनहरु कुदाउन उनिहरुलाई अत्यन्तै कठिनाइको सामना गर्नु परि रहेको छ| यसैगरी कैजलेलाई कोलबुङ तथा रेलिङसग जोडनेए कैजलेबाट झेपी हुँदै रिम्बिक लोधोमा क्षेत्रलाई जोड्ने लगायतको मुलबाटोको आवस्था अत्यन्तै दयनीय बनेको छ| क्षेत्रवासीहरु बताए अनुसार सरकारले आफुहरुलाई कान्छी आमाको व्यवहार गरेको महसुस गरिरहेका छन|

****** ० ******